मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ४ गते आइतबार ❑ 18 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## 'गलत निर्णय गर्ने छुट कांग्रेसभित्र कसैलाई छैन'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ जेठ

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांग्रेस राष्ट्रिय शक्ति भएकाले गलत काम र गलत निर्णय गर्ने छुट पार्टीभित्र कसैलाई नभएको धारणा राख्नुभएको छ।

नेपाली कांग्रेस स्याङ्जा क्षेत्र नं १ को दोस्रो क्षेत्रीय सम्मेलनलाई शनिबार पुतलीबजारमा सम्बोधन गर्दै उहाँले कांग्रेस नेतृत्वको सरकारले जनताका निराशा आशामा बदल्दै सकारात्मक परिवर्तनका पक्षमा काम गरिरहेको बताउनुभयो।



आगामी निर्वाचनभन्दा पहिले नेपाली कांग्रेसको महाधिवेशन गर्नुपर्नेमा जोड दिँदै थापाले कांग्रेस एक्लै आगामी निर्वाचनमा जानेगरी जनताका पक्षमा काम गर्दै पूर्वाधार निर्माण गर्नुपर्ने धारणा राख्नुभयो। "वर्तमान अवस्थामा नागरिकमा निराशा बढिरहेकाले दुई ठूला दलबीच सहमति भई सरकार गठन भएको छ", उहाँले भन्नुभयो, "वर्तमान सरकार जनता केन्द्रित भई काम गरिरहेको छ।" "पार्टीको महाधिवेशन निर्धारित समय सीमाभित्र गर्नुपर्छ, धेरै पछाडि लैजानुहुँदैन", उहाँले भन्नुभयो, "२०८४ को निर्वाचनभन्दा पछाडि अधिवेशन गर्न हुँदैन, २०८३ मङ्सिरमा पार्टीको अधिवेशन गर्नुको विकल्प छैन।"

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सतार, सरस्वती अर्याल तिवारी, गण्डकी प्रदेश उपसभापति कल्पना तिवारी, नेपाली कांग्रेस स्याङ्जाका सभापति राजु थापालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

## परिवर्तनका लागि बाल्यावस्थाबाटै सकारात्मक सोच जरूरी: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टले बाल्यावस्थाबाटै सेवा भावना विकसित गर्दै सकारात्मक सोच फैलाउन जरूरी रहेको बताउनुभएको छ।

नेपाल रेडक्रस सोसाइटी, कास्कीको आयोजना तथा जुनियर रेक्रस सर्कल, छोरेपाटन माविको व्यवस्थापनमा भएको कास्की जिल्ला स्तरीय संरक्षक गोष्ठीमा बोल्दै प्रदेश प्रमुख भट्टले सामाजिक गतिविधिमा बालबालिकालाई संलग्न गराउँदा सकारात्मक परिवर्तन आउने बताउनुभयो। 'कलिलो उमेरबाटै अरुकोसेवागर्नुपर्नेभावनाविकसित गर्न सकेमा ती बालबालिका भविष्यमा नैतिकवान्, कर्मठ र ईमान्दार दक्ष नागरिक बन्नेछन् ' उहाँले भन्नुभयो - 'नैतिक शिक्षाले उनीहरु असल मार्गमा अघि बढ्छन् । हिंसा र अपराधबाट जोगिन्छन् । परिवर्तनका लागि सकारात्मक सोच अत्यन्त जरुरी छ।' स्वयंसेवी कार्यकर्ता, युवाहरूको सक्रिय संलग्नता र सामुदायिक सहभागितामार्फत् रेडक्रसले आफूलाई अग्रपंक्तिमा उभ्याएको भट्टले उल्लेख गर्नुभयो। उहाँले गोष्ठीमा प्रस्तुत कार्ययोजना, छलफल तथा विचार मन्थनबाट संस्थागत कामकारबाहीको मूल्यांकन, सुझाव ग्रहण र आगामी दिनको योजना तर्जुमा गर्न सक्षम बनोस्



भन्दै संस्थालाई सबिलकरणको दिशामा अघि बढाउन दिशानिर्देश गरोस् भन्ने शुभकामना पनि व्यक्त गर्नुभयो।

'रेडक्रस भन्ने बित्तिकै मानवियता र सेवा भावना जोडिन्छ। युद्ध, प्राकृतिक विपद् र अन्य आपत्कालीन अवस्थामा पीडितलाई सहायता पुऱ्याउने उद्देश्यका साथ रेडक्रसले कामहरू गर्दै आएको छ।' उहाँले भन्नुभयो।

स्थानीय समुदायमा मानवीय सेवाको आवश्यकता बोध हुँदा सम्झिने पहिलो सामाजिक संस्था रेडक्रसले मानवतालाई जीवित राखौं मूल मन्त्रका साथ काम गर्दै आएकोमा आभारपनि व्यक्त गर्नुभयो। 'रेडक्रसले जिल्लास्तरीय समिति अन्तर्गत विभिन्न उप-शाखाहरू, समुदायस्तरीय युवा सर्कल, स्वयंसेवक समूह र विद्यालय अन्तर्गत जुनियर तथा युवा रेडक्रस सर्कलहरूलाई क्रियाशील बनाउँदै फराकिलो क्षेत्र ओगटेको छ।' प्रदेश प्रमुख भट्टले थप्नुभयो - 'रेडक्रस, स्काउट, लायन्स, रोटरी जस्ता संस्था संघसंस्थाहरू गर्वलायक सामाजिक संघसंस्था हुन्। मानव जीवनको अमूल्य वस्तु रगतको अभाव हुँदा सबैभन्दा पहिले सम्झने संस्था भनेकै रेडक्रस हो।'

रगत उपलब्ध गराउने काम सँगसँगै नेपालमा महामारी, भूकम्प तथा बाढीपहिरोको पीडामा रहँदा रेडक्रसले अग्रणी भूमिका खेलेको बताउँदै भट्टले पीडितहरुलाई खाद्यान्न लत्ताकपडादेखि तत्कालिनएम्बुलेन्ससेवा, स्वास्थ्य सेवा, परामर्श लगायत कार्य रेडक्रसकै अगुवाईमा भएको उल्लेख गर्नुभयो। रेडक्रसले सामाजिक रूपान्तरणमा सकारात्मक प्रभाव पारिरहेको उल्लेख गर्दै आगामी दिनमा राज्यको निकायसँग सहकार्य, प्रविधिको उपयोग र नवप्रवर्तनशील कार्यक्रमहरूका माध्यमबाट रेडक्रस अझ प्रभावकारी रूपमा समाजसेवामा अग्रसर हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

## गलत विचारका आधारमा वाम एकता हुन सक्दैन: प्रधानमन्त्री

**रासस**
काठमाडौं, ३ जेठ

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सही विचारबिना धेरैतिर फर्किएकाहरूलाईवामपन्थीएकतामा ल्याउन नसकिने बताउनुभएको छ।

एमालेका तत्कालीन महासचिव जननेता मदन भडारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको स्मृति दिवसका अवसरमा शनिबार मदननगर बल्खुमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले एकताका लागि एकता नभई सही विचारमा अरूलाई सहमत गराएर पार्टीमा ल्याउने नीति लिनुपर्नेमा जोड दिनुभयो।

"सही कुरालाई पनि विरोध गरेर बखेडा निकाल्ने प्रवृत्ति कम्युनिष्ट आन्दोलनमा इतिहासदेखि नै देखा पर्दै आए। खास वैचारिक भिन्नता नभए पनि व्यक्तिगत स्वार्थका आधारमा दुई लाइनको कुस्ती चलाइयो। पार्टी विभाजन गरेर नामका लागि एकीकृत राख्ने प्रवृत्ति पनि छ", अध्यक्ष ओलीले भन्नुभयो, "पार्टी प्रवृत्ति भने सही धारमै जान खोज्दै आयो।

मदन भण्डारीको अगुवाइमा ल्याइएको जनताको बहुदलीय जनवादको विचारले कम्युनिष्टहरू निरङ्कुश हुन्छन् भन्ने हामीमाथिको आरोपलाई खण्डन गर्यो। यो विचार राजनीतिक लोकतन्त्रका लागि मात्र होइन आर्थिक र सामाजिक तथा मानव अधिकारका प्रश्नमा समेत राष्ट्रिय नीतिका रूपमा स्थापित भइसकेको छ। यसै जगमा हामीले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हामी लाग्नुपर्नेछ।" प्रधानमन्त्री ओलीले आफूहरूले शक्तिका स्रोत जनता नै हुन् भन्ने मान्यताका साथ जनताको शासन कायम गर्न खोजिएको उल्लेख गर्दै देशभक्ति, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय अखण्डताको मार्गलाई आफूहरूले कहिल्यै नछोडेको स्पष्ट गर्नुभयो। आफूहरूको नेतृत्वमा सरकार रहेकाले राजतन्त्र फर्काउने प्रतिगमनको प्रयास असम्भव र अस्वीकार्य भएको पनि उहाँको भनाइ थियो। उहाँले एमालेको नेतृत्वलाई बदनाम गरेर ढाल्न सकिने पार्टी ढाल्न सकिन्छ भन्ने तत्वहरूले अनेक षड्यन्त्र गरे पनि एमाले हरेक परिस्थितिको सामना गर्न तयार रहेकाले कार्यकर्ताहरूलाई एकताबद्ध भएर ढुक्का साथ अघि बढ्न आग्रह गर्नुभयो।

एमालेले अग्रगतिका लागि निस्क्रिम कामना होइन, सक्रिय हस्तक्षेपको नीति लिँदै बताउँदै उहाँले विश्वमा दक्षिणपन्थ, जातीयता र अराजकतावादका कारण आन्दोलनमा क्षति भएको उल्लेख गर्दै आफूहरूले त्यस्ता कमीकमजोरी नगरी विविधतालाई सांस्कृति समृद्धि मानेर एकता र शान्तिपूर्ण प्रतिस्पर्धाको बाटो लिएको बताउनुभयो। विगतमा आफूले सरकारको नेतृत्व गर्दा पार्टीभित्रकै विग्रहवादी तत्वका कारण सरकार ढाल्ने र अदालतको आदेशबाट सरकार गठन गराउने गलत अभ्यास भएको पनि उहाँले टिप्पणी गर्नुभयो।

जननेता भण्डारी कम्युनिष्ट आन्दोलनलाई समयानुकूल रूपमका हाँक्ने नीतिकार रणनीतिकार भएको स्मरण गर्दै उहाँले विश्वमा कम्युनिष्ट आन्दोलन धराशयी हुँदै गएका बेला जबजको वैचारिक अगुवाइमा पार्टीलाई लोकप्रिय र दुई तिहाइको अवस्थासम्म पुऱ्याएको बताउनुभयो।

कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेल, आश्रित पत्नी माया ज्ञवालीलगायत सहभागी हुनुहुन्थ्यो। कार्यक्रममा अध्यक्ष ओलीसहित नेता कार्यकर्ताले दिवङ्गत नेताप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो।

## टाठाबाठाले जनता र सहकारी लुटेका छन्: अन्नपूर्ण गापा अध्यक्ष केसी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

कास्कीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले टाठाबाठाले जनता र सहकारी लुटेको आरोप लगाउनु भएको छ।

मानव सेवा आश्रमले शनिबार पोखरामा आयोजना गरेको सडक मानव व्यवस्थापन तथा उद्दार र राहतका लागि सरोकारवालासँगको अर्न्तक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष केसीले नेपाली सोझा साझा जनता माथि र जनताले जम्मा गरेको सहकारीको रकम केही टाठाबाठाले लुटेको आरोप लगाउनु भएको हो। नेता र नेतृत्व स्वार्थमा लिप्त रहेको आरोप लगाउदै उहाँले जनता लुटिरहेको आरोप लगाउनु भयो। उहाँले भन्नुभयो "नेता र नेतृत्व स्वार्थमा लिप्त छन्, उनीहरुले आफ्नो स्वार्थबाहेक केहि पनि देखेका छैनन्, अनि जनता लुटिरहेका छन्, यसबारे समीक्षा गर्न जरुरी छ।" समाजवाद उन्मुख संविधान भनेको संविधानमा त्यसको ग्यारेन्टी गरिएको उल्लेख गर्दै केसीले तर व्यवहारमा लागु हुन नसकेको गुनासो गर्नुभयो।

एमाले गण्डकी प्रदेश सदस्इ समेत रहनु भएको उहाँले थप्नुभयो "हाम्रो कार्यशैली र व्यवहारप्रति समीक्षा नगर्नाले जनतामा निरासा छाएको छ, स्वार्थमा लिप्त भएर नभई गरीब, निमुखा, असक्त र असहायःको हित सोंचेर शासन गर्नुपर्छ।" मानव सेवा आश्रमले भने मानव सेवाको काम गरिरहेको अध्यक्ष केसीले खुलेर प्रशंसा दिनुभयो। राज्यले गनुपर्ने काम मानव सेवा आश्रमले गरिरहेको उहाँले बताउनु भयो। यसैबिच उक्त कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले राज्यले गर्नुपर्ने काममा मानव सेवा आश्रमले गरेकोमा धन्यवाद दिदै आश्रमलाई प्रदेश सरकारले विगतका बर्ष देखि सहयोग गर्दै आएको बताउनु भयो। उहाँले सहयोगापेक्षी, सडक आश्रित मानवमुक्त प्रदेश बनाउने अभियानमा आफुहरुले सहयोग गर्ने जनाउनु भयो। आश्रमले २०८२ सम्ममा प्रदशेमा सहयोगापेक्षी, सडक आश्रित मानवमुक्त प्रदेश बनाउने अभियानमा लागेको आश्रमका कास्की संयोजक सदिस पुनले बताउनुभयो। राप्रपा संसदीय दल गण्डकी प्रदेशका नेता पन्चराम गुरुङले आश्रममा आवश्यक गाडी उपलब्ध गराउने बिषयमा सरकारले सहयोग नगरे त्यसको अगुवाई आफुले गर्ने वचन दिनुभयो। रामजी अधिकारीको परिकल्पनामा उक्त मानव सेवा आश्रमको सुरुवात भएको संस्थाले जनाएको छ।

सामाजिक विकास कार्यालयका कार्यालय प्रमुख राजेन्द्र प्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा महमानगरका प्रवक्ता मोतिलाल तिम्सिना, पोखरा १५ का अध्यक्ष तोरण बानियाँ, पोखरा २ का अध्यक्ष दिवनमान प्रधानाङ्ग, पोखरा उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धचार्य, लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक गभर्नर ३२५ बी वानका पूर्व गभर्नर, एवं नोबेल एकेडेमीका अध्यक्ष विशेश्वर आचार्य, वडा प्रहरी कार्यालय बैदामका डिएसपी सन्तोष निरौला लगायतले बोल्नु भएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा १८ सेदीमा जेनेसिस भिल्लासको सिमित संख्यामा बुकिङ खुल्ला

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

पर्यटकीय नगरी पोखरामा पहिलो पटक भिल्ला अवधारणमा जेनेसिस भिल्लासले सिमित भिल्ला बिक्रीको लागि बुकिङ खुल्ला गरेको छ।

पर्यटनको राजधानि पोखरामा रहेको केफास इन्भेस्टमेन्ट एण्ड होल्डिंग्स प्रा.लि.ले पोखरा १८ मा रहेको सेदीमा सिमित भिल्ला निर्माण गर्न लागेकोले अग्रिम बुकिङ खुल्ला गरेको प्रा.लि.का बजार व्यबस्थापक अनन्त ठकुरीले बताउनुभयो।

उक्त लन्च बुकिङ इभेण्टको अवसरमा आयोजित कार्यक्रममा बुकिङ गर्ने ग्राहकहरुको लागि सस्थाले ५ प्रतिशत छुट उपलब्ध गराउने भएको छ। उक्त संस्थाले पहिलो चरणमा १० वटा भिल्ला निर्माण गर्न लागेकोले उक्त भिल्लाको अग्रिम बुकिङ गरी वातावरणमैत्रि भिल्ला निर्माण गर्ने भएको उहाँले जनाउनुभयो। पोखरा र काठमाण्डौं क्षेत्रका ३ जना युवा व्यवसायीले पोखरामा



नयाँ अवधारणामा उक्त भिल्ला निर्माण गर्न लाग्नु भएको बजार व्यबस्थापक ठकुरीले उल्लेख गर्नुभयो। ५ देखि ६ आना जग्गामा दुई तले भवनमा उक्त भिल्ला निर्माण हुने भएको हो। उक्त भिल्ला खरिद गर्नेहरुको लागि बिक्री गर्ने संस्थाले दिगो रुपमा भिल्ला व्यबस्थापनमा आवश्यक सहकार्य गर्ने भएको छ। बिषेश छुट सहित हाल २ करोड ४९ लाखमा उक्त भिल्ला खरिद गर्न सकिने भएको छ। बजार व्यबस्थापक ठकुरीले भन्नुभयो "हाम्रा भिल्लाहरूले नेपालको सबै भन्दा छिटो, बढ्दो घर जग्गा हब भित्र अतुलनीय शिल्प कौशल, पर्यावरण-सचेत डिजाइन, यूरोप स्तरिय सेवा सुविधा प्रदान गर्दछ, व्यक्तिगत रूपमा होस् वा उच्च-उपज लगानीको रूपमा, जेनेसिस भिल्लाले कालातीत सुन्दरता र स्थायी मूल्यको प्रतिज्ञा गर्दछ।" पोखराको शान्त सेदी लेकसाइडमा रहेको प्रत्येक भिल्ला प्रिमियम फिनिशका साथ निर्मित छ र फराकिलो लेआउटहरूले सुसज्जित रहेको छ भने गोपनीयता तथा आराम चाहनेहरूका लागि उपयुक्त सुन्दर परिदृश्य बगैंचादेखि निजी पोखरीहरूसम्म, प्रत्येक विवरण अभिजात वर्गका ग्राहकहरूको स्वाद अनुरूप बनाइएको संस्थाको दाबी छ।

जेनेसिस भिल्लाले पोखरामा रियल इस्टेटलाई रूपान्तरण गर्ने आफ्नो दृष्टिकोणलाई मूर्त रूप दिने भएको छ। २०१४ मा स्थापित सेफास रियल इस्टेटदेखि जलविद्युत, कृषि र वित्तीय बजारसम्मका विविध क्षेत्रहरूमा अग्रणी बनेको छ। पोखरा लेकसाइडको शान्त वातावरणमा अवस्थित, जेनेसिस भिल्लाले शहरको जीवन्त संस्कृति, आश्चर्यजनक परिदृश्य र लोकप्रिय आकर्षणहरूमा सजिलो पहुँच प्रदान गर्ने संस्थाको दाबी छ। फेवाताल, पोखरा डिज्नील्याण्ड र अन्नपूर्ण केबल कारको छोटो ड्राइभको साथ, यो उत्कृष्ट स्थान नजिकैका सुविधाको साथ शान्ति खोज्नेहरूका लागि उपयुक्त स्थान बन्न सक्ने ठकुरीले विश्वास व्यक्त गर्नुभयो। पोखरा क्षेत्रका प्रतिष्ठित व्यक्ति तथा संस्थाहरुको सो क्षेत्रमा विभिन्न अपाटमेन्ट देखि विभिन्न पर्यटकीय गन्तव्यहरुमा लगानी थपिदैछ।

# पोखरामा तरबुजा खेती: चार महिनामा १५ लाख रूपैयाँ आम्दानी

**रासस**
पोखरा, ३ जेठ

पोखरा महानगरपालिका-३३ सुरौदी खोला किनाराको तिखेढुङ्गा होस वा पोखरा-१३ ढाँडबेसी र आसपासका फाँट धेरै ठाउँमा तरबुजा लटरम्म फलेको देख्न सकिन्छ।

विगतमा तराई र भारतका स्थानबाट आएका तरबुजा मात्र खाएका पोखरेली यतिखेर आफ्नै गाउँठाउँमा फलेका स्वादिलो तरबुजाको स्वाद लिन पाउँदा दङ्ग छन्। सुरौदीको तिखे ढुङ्गामा अगुवा कृषकद्वय रमेश आचार्य र ज्ञानबहादुर कार्कीले संयुक्त रूपमा गरेको तरबुजा खेती होस् वा आर्वाको ढाँडबेसीमा ई विक्रम बरालसहित युवा रवि, अर्जुन, मनिशलगायतले संयुक्त रूपमा लगाएको तरबुजा यतिखेर रोजगारीकै खोजीमा विदेशिएका युवाका लागि पनि दरिलो पाठ बनेको छ। रुद्रगङ्गा कृषि बहुउद्देश्यीय कृषि फर्ममार्फत ढाँडबेसीको १५ रोपनी क्षेत्रफलमा गरिएको तरबुजा खेतीबाट लगाएको चार महिनाको अवधिमा नै १५ लाख रूपैयाँ आम्दानी गरिसकिएको ई बरालले जानकारी दिनुभयो।

विगतमा तराई र भारतबाट मात्रै तरबुजा आउने र खाने गरिएकोमा यही क्षेत्रमा पनि राम्रो फल्छ भन्ने कुरा चरितार्थ पार्न सफल बनिएको उहाँले बताउनुभयो। "हामीले लगाएको तरबुजा लटरम्म फलेको छ", उहाँले भन्नुभयो, "हामीले तीन हजार पाँच सय किलोग्राम तरबुजा उत्पादन गरिसकेका छौं।" पोखरा महानगरपालिका-३३ सुरौदीफाँटको तिखेढुङ्गामा अगुवा कृषकद्वय ज्ञानबहादुर कार्की र रमेश आचार्यले ३५ रोपनी क्षेत्रफलमा तरबुजा लगाउनुभएको छ। उहाँहरूले लगाएको तरबुजा अबको केही दिनमा नै बजारमा आउने कृषक रमेश आचार्यले बताउनुभयो।

उहाँहरूले सरस्वती, रेड भेलरेट, फनेक्स, मान्ठाना र राजा जातका खरबुजा फलाउनुभएको छ। पोखरा-१३ पाटनवेशीका बुद्धप्रसाद बरालले तीन रोपनी क्षेत्रफलमा तरबुजा लगाउनुभएकोमा झण्डै ६०० किलोग्राम बिक्री गरिसक्नुभएको छ। उहाँको लक्ष्मी बराल एग्रोफर्ममा फलेको तरबुजा बजारमा माग अत्याधिक रहेको उहाँले जानकारी दिनुभयो।

पोखराकै हेमजामा द अम्मट बिचमा रमेश कार्कीले तीन रोपनी क्षेत्रफलमा लगाउनुभएको तरबुजा राम्रो फलेको छ। उत्पादन हेर्दा यस क्षेत्रमा राम्रै तरबुजा फलाउन सकिने देखिएको कार्कीले जानकारी दिनुभयो। विगतका वर्षमा सामान्य परीक्षणको रूपमा १०/१२ रोपनी क्षेत्रफलमा मात्रै गरिएको तरबुजा खेती यस वर्ष भने २०० रोपनी क्षेत्रमा विस्तार गरिएको पोखरा महानगरपालिका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो। तरबुजा खेतीका लागि महानगरपालिकाले बीउ तथा मलचिङमा महानगरले सहयोग गरेको उहाँले जानकारी दिनुभयो। महानगरपालिका-१३, २३, ३०, ३२, ३३ मा यस खेतीतर्फ आकर्षण बढिरहेको जानकारी दिँदै उहाँले स्थानीय रूपमा उत्पादित तरबुजाको स्वाद पनि निकै मीठो रहेको बताउनुभयो। पोखरामा यस वर्ष करिब ४०० टन (लगभग दुई करोड रूपैयाँ बराबर) को तरबुजा उत्पादन भएको उहाँले जानकारी दिनुभयो। महानगरपालिकाले पोखरामा उत्पादित सरस्वती जातको खरबुजाको 'ब्रान्डिङ' र बजारीकरणका लागि स्टिकर तयार गरेको कडरियाले जानकारी दिनुभयो।

**स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न तरबुजा मेला**

स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ पोखरामा बिहीवार तरबुजा मेला २०८२ गरिएको छ।

वडास्तरीय कृषि सञ्जाल पोखरा-१३ को व्यवस्थापन र पोखरा महानगरपालिकाको कृषि विकास शाखाको सहकार्यमा सञ्चालित मेलामा तरबुजा प्रदर्शनी, निःशुल्क स्वाद परीक्षण, प्राविधिक जानकारी आदान-प्रदान, सफल किसानका अनुभव साझा, परिकार प्रदर्शनी तथा बाली उपचार शिविरसमेत सञ्चालन गरिएको पोखरा महानगरपालिका-१३ का वडा अध्यक्ष किरण बरालले जानकारी दिनुभयो। कृषकको मेहनत र पसिनाको फललाई प्रवर्द्धन गर्ने लक्ष्यसहित कार्यक्रम तय गरिएको बताउँदै उहाँले कृषि उत्पादनमा प्रोत्साहन गर्दै आत्मनिर्भरता अभिबृद्धि गर्ने लक्ष्य राखिएको बताउनुभयो।

**पोखरामा नै फल्यो करिब आठ किलो तौलको तरबुजा**

मेलाका अवसरमा ल्याइएका तरबुजामध्ये पोखरा-३३ सुरौदीको तिखेढुङ्गमा लगाइएको तरबुजा एउटैको सात किलो ८६० ग्राम तौलको पाइएको छ। प्रदर्शनीमा कृषि फर्म तथा व्यक्तिगत रूपमा तरबुजा खेती गर्नेहरूका उत्पादनलाई तौल गरिएकोमा रमेश आचार्य र ज्ञानबहादुर कार्कीले तिखेढुङ्गामा लगाउनुभएको तरबुजा सबैभन्दा बढी तौलको प्रमाणित गरिएको हो। मेलाका अवसरमा ठूलो तौलको फलाएवापत उहाँहरूलाई पाँच हजार रूपैयाँ नगदसहित पुरस्कृत गरिएको थियो।

त्यस्तै मेलामा गरिएको तरबुजा खाने प्रतियोगितामा रवि बराल र विमला श्रेष्ठ पहिलो र दोस्रो बन्नुभएको छ। उहाँहरूलाई पुरस्कारस्वरूप नौ किलोग्राम र छ किलोग्राम तरबुजा पुरस्कारस्वरूप प्रदान गरिएको थियो। त्यस्तै प्रदर्शनीमा उत्कृष्टता हासिल गर्ने मणिद्विप कृषि फर्म पोखरा १३ आर्वाका श्रीधरलाल बराल र रोशन बराल प्रथम बन्नुभयो भने पिपलडाली पशु तथा कृषक समूह पोखरा २८ का शोवितबहादुर अधिकारी दोस्रो बन्नुभयो। त्यस्तै सूर्यचन्द्र कृषक समूह पोखरा १३ दुइकुलाको मुहानका विश्वराज सापकोटा तेस्रो र चण्डेश्वरी कृषि सहकारी संस्था लिमिटेड पोखरा १३ साझाका रामकाजी बरालले सान्त्वना स्थान प्राप्त गर्नुभयो।

प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने फर्मलाई क्रमशः पाँच हजार, चार हजार, तीन हजार र एक हजार रूपैयाँ नगद सहित पुरस्कृत गरिएको थियो।




# पोखरा-९ मा यौन तथा प्रजनन् स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

पोखरा १५ स्थित संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सामाजिक उत्तरदायित्व अन्तर्गत पोखरा ९ मा शनिवार यौन तथा प्रजनन् स्वास्थ्य शिविर एवं सचेतना कार्यक्रम गरेको छ।

नेपाल परिवार नियोजन संघ कास्की शाखाको प्राविधिक सहयोग, पोखरा ९ स्थित चण्डिका आमा समूहको व्यवस्थापन र पोखरा महानगरपालिका वडा नं ९ कार्यलयको समन्वयमा कार्यक्रम गरिएको हो। शिविरबाट ६८ जना लाभान्वित हुनुभएको छ।

शिविर उद्धाटन गर्दै पोखरा महानगरपालिका वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले



यस्ता कार्यक्रमले स्थानीय सरकारलाई सहयोग हुने उल्लेख गर्नुभयो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले संघले सरकार, संघसंस्था र समुदायसँग सहकार्य गर्न चाहेको बताउनुभयो। कार्यक्रममा संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेडका वरिष्ठ व्यवस्थापक बृहस्पती अधिकारी, टोल विकास संस्था वडा समन्वय समिति पोखरा ९ का अध्यक्ष उत्तम जोशी लगायतले बोल्नुभएको थियो।

संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष नव राज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा चण्डिका आमा समूहकी अध्यक्ष सीता नेपालीले स्वागत र संगम बचत तथा ऋण सहकारीकी संचालक विष्णुमाया थापाले कार्यक्रम संचालन गर्नुभएको थियो।

# आँखा शिविरमा तीन सय ४७ जनाले आँखा जाँच गराए

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

मदन भण्डारी स्पोर्टस एकेडेमी गण्डकी प्रदेशको आयोजनामा सम्पन्न निःशुल्क आँखा शिविरमा तीन सय ४७ जनाले आँखा जाँच गराएका छन्।

३२ औं मदन आश्रीत स्मृति दिवसको अवसरमा हिमालय आँखा हस्पिटलको प्राविधिक सहयोगमा पोखरा रंगशालामा आयोजना गरिएको शिविरमा खेलाडी, खेल संस्थाका प्रतिनिधी, पत्रकार गरी तीन सय ४७ जनाले आँखा जाँच गरेको मदन भण्डारी स्पोर्टस एकेडेमी गण्डकी प्रदेशका अध्यक्ष गिरमान गुरुङले जानकारी दिए।

गुरुङका अनुसार शिविरमा १ सय ९१ जनालाई औषधी



वितरण, ३९ जनालाई चश्मा वितरण, मोतियाविन्दुको समस्या देखिएको ७ जना र अन्य ३९ जना र आँखामा मासु पलाएका ११ जनालाई हिमालय आँखा हस्पिटल घारीपाटन रिफर गरिएको छ। शिविरमा सहभागीहरुको दृष्टि विशेषज्ञहरु अनिश अधिकारी, रोष्मा भुजेल, झरना बुढा र रितिका किजु लगाएतले सहजीकरण गरेका थिए। यसअघि शिविरको उद्घाटन गर्दै पोखरा महानगरका उप प्रमुख मन्जुदेवी गुरुङले मदन भण्डारी स्पोर्टस एकेडेमीले खेलकुदको गतिविधी संगै सामाजिक उत्तरदायित्व वहन गर्ने गरी आँखा शिविरको आयोजना गरेकोमा आभार प्रकट गरिन। कार्यक्रमको सञ्चालन एकेडेमीका सचिव दिपक आचार्यले गरेका थिएभने कार्यक्रममा उपाध्यक्ष सुजन आचार्यले स्वागत मन्तब्य राखेका थिएभने केन्द्रीय सदस्य तथा पदाधिकारीहरुको उपस्थिती रहेको थियो।

# घार्मीलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

पोखराको घार्मीलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनु पर्नेमा जोड दिईएको छ।

ओमकारेश्वर महादेव मन्दिर व्यवस्थापन समितिले शनिबार आयोजना गरेको भेटघाट कार्यक्रममा सहभागिले यस क्षेत्र प्राचिन समय देखि नै धार्मिक क्षेत्र रहेको र यहाँबाट सुन्दर हिमश्रृृंखला र पोखराको मनमोहक दृश्य अवलोकन गर्न सकिने भएकाले यसलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनु पर्नेमा जोड दिएका हुन्। हरिहर गुफा सन्यास आश्रम भलामका संरक्षक स्वामी ईशानन्द महाराजले शिरमा हिमश्रृृंखला सजाएको यस क्षेत्रमा धार्मिक पर्यटनको प्रचुर संभावना रहेको बताउँदै सनातनीहरूको महत्वपूर्ण तीर्थस्थलको रूपमा विकास गर्न सकिने बताउँनुभयो। उहाँले मन्दिर परिसर मात्र नभई यस पेरीफेरी कै विकास र संरक्षणको लागि स्थानीयको सक्रियता आवश्यक रहेको स्पष्ट पार्नुभयो। आश्रमका स्वामी चन्द्रेश्वर गिरी महाराजले यस क्षेत्रलाई धार्मिक आश्रमको रूपमा विकास गरी प्रवर्धन गर्न सकिने बताउँनुभयो। महेन्द्र मावि घार्मीका प्रअ बासुदेव पौडेलले यस क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनमा स्थानीय सरकारको समेत भुमिका महत्वपुर्ण रहने



बताउँदै, पर्यटन केन्द्रित बजेट बनाउनु पर्नेमा जोड दिनुभयो।

युवा नेता अर्जुन अधिकारीले विभिन्न क्षेत्रका धार्मिक संघ, संस्था तथा सरकारी निकायसँग समन्वय गरी गुरुयोजना अनुरुप विकास गरिनु पर्ने बताउनुभयो। पत्रकार शिशिर पौडेलले धर्म संस्कृतिको संरक्षण विना मानव सभ्यताको विकास नहुने बताउँदै, धर्म र संस्कृति माथि भईरहेको प्रहारलाई अन्त्य गरिनुपर्ने बताउनुभयो। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेलले विभिन्न अवरोध र सङ्घर्षका विच मन्दिर परिसरलाई व्यवस्थित बनाउने काम भएता पनि यसको सर्वाङ्गीण विकास गर्न नसकिएको भन्दै गुनासो गर्नुभया`। कार्यक्रममा पोखरा महानगरपालिकाका वरिष्ठ ईन्जिनियर सुरेन्द्र पाण्डे, महेन्द्र माविका सहायक प्रअ नन्दराज दाहाल, मातृभूमि सहकारीका कोषाध्यक्ष विष्णु प्रसाद पौडेल, सचिव प्रेम बहादुर जिसी, विश्व हिन्दु महासंघका पिताम्वर पौडेल, युवा उद्यमी दामोदर पौडेल, नेपाल विद्युत प्राधिकरणका ईन्जिनियर शोभाकर पौडेल, व्यवसायी हिमलाल पौडेल, समितिका कोषाध्यक्ष तेजेन्द्र पौडेल, पण्डित रामचन्द्र पौडेल लगायतकाले आन्तरिक समस्या समाधान गरी घार्मीको समग्र विकासका लागि सबै पक्ष लाग्नु पर्ने बताए। पोखराबाट नजिकै भएर पनि सो क्षेत्र ओझेलमा परेको उनीहरुले गुनासो गरे।

मन्दिर र आसपासको क्षेत्रको व्यवस्थित विकासका लागि योजना बने पनि बजेट अभावले कार्यान्वयनमा हुन सकेको छैन।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# मदन र आश्रितको आदर्श नभूल

नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ शिराबाट अगाडि बढाउने नेता मदन भण्डारीको रहस्यमय हत्या भएको ३२ वर्ष भएको छ । नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको त्रिशूली नदिमा जीप दुर्घटनामा परेर रहस्यमय हत्याको बारेमा सत्य तथ्य पत्ता लागेको छैन । विसं २०५० साल जेठ ३ नेपालको राजनीतिक इतिहासमा एउटा गम्भीर मोड आएको दिन हो । देशले दुई यस्ता क्रान्तिकारी नेताहरू गुमायो जसले विचार, व्यवहार र संगठनलाई एउटै सूत्रमा बाँधेर परिवर्तनको वैचारिक धरातल निर्माण गरेका थिए -जननेता मदन भण्डारी र उनका सहयात्री जीवराज आश्रित । दासढुंगा काण्ड - एउटा रहस्यमय दुर्घटना, जसले देशभर शोक मात्र होइन, आक्रोश र प्रश्नहरूको भारी समेत छोड्यो। अहिले पनि त्यो घटना पूर्णरूपमा स्पष्टीकरणको पर्खाइमै छ। तर त्यस घटनाले हाम्रो राष्ट्रिय चेतनामा गहिरो चोट मात्र दिएन, एउटा वैचारिक आन्दोलनलाई अझै व्यापक बनायो ।

मदन भण्डारीले प्रतिपादन गरेको “जनताको बहुदलीय जनवाद” नेपाली कम्युनिस्ट आन्दोलनको मोडेल मात्र होइन, बहुलवाद र समाजवादबीचको सन्तुलनको अभ्यास थियो । उनले देखाएको बाटो विचारको कठोरताको सट्टा लचिलो, व्यावहारिक र जनमुखी थियो । त्यो मार्ग अहिले पनि नेपालका अधिकांश वामपन्थी शक्तिहरूको वैचारिक मेरुदण्ड बनेको छ । नेकपा एमालेको मार्गदर्शक सिद्धान्त बनेको छामदन भण्डारीलाई सम्झदा जीवराज आश्रित पनि त्यही आन्दोलनका गहिरा सिपाही थिए । नेतृत्वभन्दा विचारमा दृढ, संगठनभन्दा समर्पणमा बलियो । आज उनीहरूको योगदानलाई सम्झनु भनेको केवल श्रद्धाञ्जली दिनु होइन, उनीहरूले देखाएको बाटोमा गहिरो आत्मपरीक्षण गर्नु हो।सच्चा देशभक्तप्रति जनताको श्रद्धा कसरी हुने रहेछ भन्ने बुझ्ने अवसर हो ।

स्मृति दिवसहरू केवल पुष्पगुच्छा अर्पण गर्ने दिन होइनन्। यस्ता दिनहरूले हामीलाई फेरि एकचोटि विचारको मूल स्रोतमा फर्काउने अवसर दिन्छन् –के हामीले उनीहरूको सपना बुझेका छौं ? के तिनको कार्यनीति र नैतिक मान्यतालाई पछ्याएका छौं ? राजनीतिको नाममा दम्भ, पदको नाममा सौदाबाजी, र जनताको नाममा शक्तिकेन्द्रिकरण हुँदा, मदन र जीवराजको राजनीति झल्झली सम्झनु पर्छ । उनीहरूलाई सम्झनु भनेको सिद्धान्तमा इमानदारी, व्यवहारमा सादगी र नेतृत्वमा उत्तरदायित्वको अभ्यास गर्नु हो । दुःखको कुरा, जननेता गुमे तर तिनले देखाएको बाटो अझै अधुरो छ। दासढुंगामा गुमेको त्यो जीवन केवल दुई नेताको अन्त्य थिएन, त्यो एउटा युगको सकसपूर्ण विराम थियो । अब अहिलेको पुस्ताको नेतृत्वको जिम्मेवारी त्यो अधुरो युगलाई पूर्णता दिनु हो । उनीहरूको नाममा ठगेर खाने होइन, । उनीहरूको विचारमा बाँच्ने संकल्प गर्ने हो। मदन र आश्रितको सपना अधुरो छैन, हाम्रो संकल्प अझै बाँकी छ भनेर कार्यकर्ता र नेपाली जनतासंग वाचा गरेर मात्र श्रद्धाञ्जली दिएको सार्थक हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : आर्थिक समस्या |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बुल्दीखोलामा छ करोडमा पक्की पुल निर्माण

**पोखरापत्र संवाददाता**
दमौली, ३जेठ

तनहुँको व्यास नगरपालिका-१ र २ जोड्ने बुल्दीखोलामा रू छ करोडभन्दा बढी लागतमा पक्की पुल निर्माण गरिएको छ । सम्झौताभन्दा चार महिनाअगावै यहाँ पक्की पुल निर्माण सम्पन्न भएको हो ।

रू छ करोड ५६ लाख ४३ हजार २७२ लागत अनुमान गरिएको पुलको ठेक्का रू छ करोड एक लाख १७ हजार ३२४ मा लागेको थियो । पुल निर्माणका लागि सङ्घ सरकारबाट रू एक करोड ३५ लाख सहयोग भएको थियो भने बाँकी रकम नगरपालिकाको स्रोत रहेको नगरपालिकाका सहायक प्रशासकीय अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो ।

विसं २०८० फागुन २३ गते सम्झौता पुलको काम वैशाख २२ गते सम्पन्न भएको थियो । विसं २०८२ भदौ ३० गतेसम्म पुल सम्पन्न गर्ने म्याद रहेको छ । पच्चीस मिटर लामो पुल सिङ्गल स्पान प्रविधिको हो । ज्वालामुखी कन्स्ट्रक्सन प्रालिले पुल निर्माण गरेको हो । पुल निर्माणपश्चात् दुई वडाका सर्वसाधारण लाभान्वित हुनेछन् । पक्की पुल निर्माण भएको स्थानमा यसअघि ह्युमपाइप कल्भर्ट राखेर यातायात सञ्चालन भइरहेको थियो । बर्सातको समयमा बुल्दीखोलामा बाढी आउँदा उक्त कल्भर्टले पानीको बहावलाई रोक्दा वरपरको स्थानमा डुबान हुने गरेको थियो । जसका कारण आसपासका घर जोखिममा परेको र बसपार्क जान समेत समस्या हुँदै आएकामा अब भने सहज हुने भएको छ । यसैबीच निर्माण सम्पन्न भएको पुलको शुक्रबार सार्वजनिक परीक्षण गरिएको छ । व्यास नगरपालिकाको आयोजनामा तेस्रो पक्ष मूल्याङ्कन, स्थलगत अनुगमन तथा सार्वजनिक परीक्षण गरिएको हो । उक्त कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, उपप्रमुख इन्दिरा दरै, विभिन्न वडाका अध्यक्ष, टोल विकास संस्थाका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा नगरपालिका अनुगमन तथा मूल्याङ्कन समितिबाट पुलको अनुगमन हुनुका साथै पूर्वाधार विकास कार्यालय तनहुँका इञ्जिनियर विजय थापाको पुलको पुनः मूल्याङ्कन गर्ने काम गरिएको छ ।

# खोपारामा पर्यटकीय पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ जेठ

नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकास भएको अन्नपूर्ण गाउँपालिका-५ को खोपारा लेकमा पूर्वाधार निर्माण थालिएको छ ।

खोपारा घुम्न आउने पर्यटकको सहजताका लागि आश्रयस्थल, पदमार्ग र खानेपानी व्यवस्थापनको काम थालिएको हो । गण्डकी प्रदेश सरकारको रु २० लाख बजेटबाट पर्यटन तथा उद्योग कार्यालयले उपभोक्ता समितिमार्फत खोपारा पर्यटन पूर्वाधार योजना सञ्चालन गरिएको इञ्जिनियर सुमन बोगटीले जानकारी दिनुभयो ।

आगामी असारभित्र योजना सम्पन्न गर्ने लक्ष्य राखिएको छ । समुद्र सतहबाट तीन हजार ६०० मिटर उचाइमा रहेको खोपारामा योजना सञ्चालन गर्न पाउद्वार गाउँका मजदुर त्यही बास बसेका छन् । गाउँदेखि आवतजावत गर्न टाढा भएकाले सम्बन्धित ठाउँमै बास बसेर साँझ बिहानको समयमा पनि काम गरिएको उपभोक्ता समितिका अध्यक्ष हरि पाइजाले बताउनुभयो । “वैशाख दोस्रो हप्तासम्म हिउँ परेर काम गर्न पाइएन्”, उहाँले भन्नुभयो, “हिजोआज पनि अपराह्न २ बजेपछि पानी परेर पूरै दिन काम गर्न पाएका छैनौं ।” गत वर्ष पनि प्रदेश सरकारको रु २० लाखको बजेटबाट खोपारामा पर्यटन पूर्वाधार निर्माण भएको थियो ।

सडक विस्तारसँगै अन्नपूर्ण चक्रीय पदमार्गमा छोटिएको पर्यटकको बसाइ र यात्रा अवधि लम्ब्याउन खोपारालाई वैकल्पिक गन्तव्य बनाइएको छ । खोपारा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एकयापभित्र) पर्छ । गुराँसको जङ्गलको बीचमा पहाडको टाँकुरामा भिरालो भूगोलमा अवस्थित खोपारा जैविक विविधतायुक्त ठाउँ हो । अन्नपूर्ण, धौलागिरि, नीलगिरि, गुर्जा हिमाल, सूर्योदय, सूर्यास्त, पहाडी भूगोल, वनजङ्गल, वन्यजन्तु, पशुगोठ, ताल, झरनाको दृष्य अवलोकन गर्न सकिन्छ । पर्यटक आगमन बढेपछि खोपारामा पर्यटन सहकारी संस्थाले सञ्चालन गरेको सामुदायिक लजको क्षमता वृद्धि गर्न आश्रयस्थलको नयाँ भवन निर्माण गर्न लागिएको हो ।

# पर्यटन प्रवर्द्धनका लागि मर्स्याङ्दीमा जलविहार

**पोखरापत्र संवाददाता**
तनहुं, ३ जेठ

नेपाल पत्रकार महासङ्घ तनहुँको आयोजना र भानु नगरपालिकाको सहयोगमा यहाँस्थित मर्स्याङ्दी नदीमा जलविहार गरिएको छ । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित शनिबार भानु नगरपालिका-९ बाट बन्दीपुर गाउँपालिका-५ सम्म मर्स्याङ्दी नदीमा जलविहार गरिएको हो ।

मर्स्याङ्दी नदीमा जलविहारको सम्भावना रहेनुका साथै यसबाट पर्यटन प्रवर्द्धन गर्न सकिने भएकाले नगरसँगको समन्वयमा जिल्लास्थित सञ्चारकर्मीलाई जलविहारको व्यवस्था मिलाइएको नेपाल पत्रकार महासङ्घका जिल्ला अध्यक्ष धनपति अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, “पत्रकारहरूले यस क्षेत्रमा जलविहारको सम्भावनाबारे सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्ने भएकाले यसले भानुको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएका छौं ।” जलविहारमा सहभागी पत्रकार किरण श्रेष्ठले मर्स्याङ्दी नदी जलविहारका लागि सम्भावना बोकेको क्षेत्र भएकाले यसको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्न सकिने धारणा राख्नुभयो । त्यसअघि भानु-९ स्थित चितीखोला होमस्टे (घरबास)मा पर्यटन विकास तथा मर्स्याङ्दी नदीमा सहासिक जलयात्रा प्रवर्द्धन कार्यक्रम सम्बन्धी अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले पर्यटन प्रवरद्धन र पर्यटकीय गन्तव्यको संरक्षणलाई नगरपालिकाले प्राथमिकता दिएको बताउनुभयो । पर्यटन प्रवर्द्धनका लागि सञ्चारकर्मीको महत्त्वपूर्ण भूमिका हुने बताउँदै उहाँले पत्रकार हरूले यस क्षेत्रको प्रचारप्रसारमा सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो ।

# संगम सहकारीको स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ



संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा १५ ले संस्थाको तेस्रो समिक्षा बैठकका साथमा २२ औं स्थापना दिवस विभिन्न बिधामा उत्कृष्ट सदस्यहरुलाई सम्मान गर्दै मनाएको छ ।

कार्यक्रममा विभिन्न बिधाका उत्कृष्ट पाँच सदस्यलाई प्रशंसा पत्र र सर्वोत्कृष्ट हुने सदस्यलाई नगद सहित सम्मान पत्र प्रदान गरिएको छ । यसरी सर्वोत्कृष्ट भइ सम्मानित हुनेहरू दीर्घकालीन बचतमा लक्ष्मण पौडेल, जेष्ठ सदस्य बचतमा झक बहादुर थापा, दैनिक बचतमा नैना कुमारी क्षेत्री, बाल बचतमा सुमित्रा खत्री, ऋण कारोबारीमा दिल बहादुर गुरुङ र सुझावकर्तामा प्रशान्त रानाभाट रहेका छन् । यसैगरी यस वर्षको उत्कृष्ट संचालक/लेखा समिति तर्फ उपाध्यक्ष बुद्धिमान थापा, उत्कृष्ट उपसमिति/कार्यदल सदस्यमा शिक्षा उपसमितिकी सदस्य सरस्वती अधिकारी र उत्कृष्ट कर्मचारीमा अधिकृत बिकल्प कुँवर सम्मानित भएका छन् । यसैगरी नेपाल कानुन ब्यवसायी परिषदको गण्डकी प्रदेश पार्षदमा संगम सहकारीका कानुनी सल्लाहकार दयाराम गौतम निर्वाचित हुनुभएकोमा उनलाई पनि सोही अवसरमा सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका सहकारी रजिस्ट्रार भेषराज रिजालले सम्मानित सबैलाई बधाई दिदै संस्थाले सदस्यको हितलाई हेर्ने र सदस्यले पनि संस्थाको नितिनियमलाई मान्ने गरेमा संस्था सहि ढंगले चल्ने बताए । ऋण लगानी गर्दा बढी ध्यान दिनुपर्ने कुरामा उनको जोड थियो । गण्डकी प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयले सहकारी संस्थामा गइ अनुगमन गर्ने कामलाई निरन्तरता दिइरहेको पनि उनले सो अवसरमा जानकारी गराए। प्रतिभा सहकारीका अध्यक्ष रत्न बहादुर महतले गण्डकी प्रदेशकै उत्कृष्ट भएकोमा संगम सहकारीलाई बधाई दिदै सहकारी बिचको सहकार्यलाई अगाडी बढाउन आफुहरु तयार रहेको पनि बताए । लेखा संयोजक भोविन्द्र गिरीले संस्थाको सबै कामहरु पारदर्शी भएकोमा खुसी व्यक्त गर्दै अब राष्ट्रकै पहिचान बनाउन तर्फ संगम अगाडी बढोस् भनि शुभकामना व्यक्त गरे । सल्लाहकार संयोजक एवं संरक्षक निरज थापाले सहकारीका सकारात्मक कुराहरुलाई समुदाय भित्र जनजनमा पुऱ्याउनु पर्ने बताए । नबराज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा दयाराम गौतम, हरिकृष्ण कुँवर, बुद्धिमान थापा, धनराज पुरी, बृहस्पति अधिकारी, विकल्प कुँवर, नैना कुमारी क्षेत्री लगायतले शुभकामना दिएका थिए ।

# घरघरमै खानेपानीको धारा आएपछि म्याग्देका स्थानीयखुसी

**पोखरापत्र संवाददाता**
तनहुं, ३ जेठ

जिल्लाको म्याग्दे गाउँपालिका-५ अन्तर्गतका बतेनीटार, साउनेपानी र कवादी गाउँका करिब २०० घरधुरीमा घरघरमै खानेपानीको धारा पुगेपछि स्थानीयवासी खुसिभएका छन् ।

सङ्घीय सरकारको तीन करोड रूपैयाँको बजेटमा सञ्चालित बौलाहा ओडार खानेपानी आयोजना सम्पन्न भएपछि यहाँका बासिन्दाले लामो समयदेखि भोग्दै आएको पानीको समस्याबाट मुक्ति पाएका हुन् ।

स्थानिय पदममाया थापाले खानेपानीको मूल टाढा भएका कारण विगतमा एक गाग्री पानी ल्याउन बिहानै उठ्नुपर्ने बाध्यता हटेको बताउनुभयो । घर आँगनमै धारा जडान भएपछि त्यस्ता दुःखका दिनहरू बिर्सिएको उहँको भनाइ छ । खानेपानीको समस्या हटेपछि घरधन्दा तथा अन्य काम गर्न पनि सहज भएको सोही वडाकी राधाकुमारी थापाले सुनाउनुभयो । उपभोक्ता समितिका अध्यक्ष विष्णुबहादुर थापाकाअनुसार, उक्त आयोजना अन्तर्गत तीनवटा मुहानबाट पानी सङ्कल नगर्न तीनवटा ट्याङ्की निर्माण गरिएको छ । तीमध्ये दुईवटा ५०-५० हजार लिटर र एकवटा ७५ हजार लिटर क्षमताका ट्याङ्की रहेका छन् । आयोजना पूरा भएसँगै करिब ९०० जनसङ्ख्या प्रत्यक्ष लाभान्वित भएका छन् । वडा नं ५ का अध्यक्ष शिवबहादुर आलेले धाराबाट २४ सै घण्टा पानी आउने सुविधा भएपछि स्थानीयको दैनिकी नै परिवर्तन भएको बताउनुभयो । उहाँकाअनुसार, अब खाली समयलाई कृषिमा प्रयोग गर्न थालिएको छ, जसले आम्दानी बढाउन सहयोग पुगेको छ । विगतमा महिलाको अधिकांश समय पानी बोक्नमै बित्ने गरेकामा अहिले भने उनीहरू घर र व्यवसायिक गतिविधिमा सक्रिय हुन थालेका छन् । गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले सङ्घीय, प्रदेशर स्थानीय सरकारको साझेदारीमा ‘एक घर, एक धारा’ अभियानलाई तीव्र पारिएको जानकारी दिनुभयो । खानेपानीसँगै स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर गाउँपालिकाले योजनाबद्ध रूपमाकाम गरिरहेको उहाँको भनाइछ ।

# छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण बुझाउन निर्देशन

**पोखरापत्र संवाददाता**
पर्वत, ३ जेठ

पर्वतको पैंयु गाउँपालिकाले सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरी अनिवार्यरुपमा सामुदायिक विद्यालयमा भर्ना गर्न दिएको निर्देशन पालना भए नभएको परिक्षण गर्न थालेको छ ।

गाउँपालिकाले शैक्षिक सत्र २०८२ शुरु भएपछि पालिकाभित्र कार्यरत सार्वजनिक ओहोदाका व्यक्तिहरुले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण पेस गर्न ताकेता गरेको हो । सार्वजनिक पद धारण गरेका जनप्रतिनिधि, कर्मचारी, प्रधानाध्यापक, व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक तथा विद्यालय कर्मचारीलाई आफ्ना छोरा, छोरी, नाती, नातीना सरकारी विद्यालयमा भर्ना गरेको प्रमाण तीन दिनभित्र पेस गर्न भनेको हो ।

गाउँ कार्यपालिकाले शैक्षिक सत्र विसं २०८० देखि नै अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पठनपाठन गराउनुपर्ने निर्णय गरेको भएपनि कार्यान्वयन नभएपछि यस वर्ष प्रमाण नै पेस गर्न लगाइएको प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिनुभयो । आइतबारभित्र प्रमाण पेस गर्नुपर्ने उहाँको भनाइ छ ।

गैरेका अनुसार सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि पालिकाले यस्तो निर्णय गरेको हो । जिम्मेवार पदाधिकारी, स्वयं प्रअ र शिक्षककै छोराछोरीले निजी विद्यालयमा पठनपाठन गराउँदा सामुदायिक विद्यालयको गुणस्तर बृद्धि हुन नसकेको गुनासो आएपछि पालिकाले यस्तो निर्णय गरेको उहाँको भनाइ छ । पैंयु गाउँकार्यपालिकाको विसं २०८० चैत २९ गतेको वैठकले अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गराउनुपर्ने निर्देशन दिएको थियो । सार्वजनिक पद धारण गरी पालिकाभित्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्दै आएका व्यक्तिको सन्तान चालु शैक्षिक सत्रदेखि अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गरेर पठाउनुपर्ने बाध्यकारी नियम लागू गरिएको गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले जानकारी दिनुभयो । उहाँका अनुसार पालिका अध्यक्ष र उपाध्यक्षले गाउँपालिकाको कार्यालयमा, वडा अध्यक्ष र सदस्यहरुले सम्वन्धित वडा कार्यालयमार्फत पालिकाको शिक्षा युवा तथा खेलकुद शखामा, कर्मचारीहरुले प्रशासन शाखामा, स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीलाई पालिकाको स्वास्थ्य शाखामा प्रमाण पेस गर्न भनिएको छ । यसैगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र पदाधिकारी, शिक्षक र विद्यालय कर्मचारीले सम्बन्धित विद्यालयका प्रअमार्फत पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रमाण पेस गर्न भनिएको अध्यक्ष ठकुरीले बताउनुभयो । ामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति वा शिक्षकको रुपमा रहेका हुन्छन् तर आफ्नो सन्तान संस्थागत विद्यालयमा पठाउँदै आएका छन् । प्रमुख प्रशासकीय अधिकृत गैरेले सचेत अभिभावकले विद्यालयको शैक्षिक प्रणाली र व्यवस्थापनको निगरानी गर्ने भएकाले शिक्षाको गुणस्तरीयतामा वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

# जानकी माविलाई दृश्यम मिडियाको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ



दृश्यम मिडिया प्रालिको दोश्रो बार्षिकोत्सवको अवसरमा जानकी मावि पोखरा १७ महतगौडालाई शैक्षिक एवम खेलकूद सामाग्री वितरण गरेको छ।

सो अवसरमा विद्यार्थीको पठनपाठनमा सहयोगी पुस्तिका टेनशेट लगायतका पुस्तक, फुटवल, भलिवल, क्रिकेट व्याड र वल, टेलवटेनिस, टेनिसवल व्याडमिन्टन, पोषाक सहित ६५ हजार मुल्य बरावरका सामाग्री वितरण गरिएको हो। विद्यालय प्राङ्गणमा आयोजित कार्यक्रममा दृष्यम मिडिया प्रालिका अध्यक्ष वन्दना कार्की के.सीले उक्त सामाग्री विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र गुरुङ लगायतलाई हस्तान्तरण गर्नुभयो। सो अवसरमा उहाँले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा बृद्धि गरि विद्यार्थीको चौतर्फी विकासमा सहयोगी सामाग्री उपलव्ध गराउन पाएकोमा खुशी व्यक्त गर्दै प्रालिकोतर्फबाट आगामी दिनमा पनि आवश्यक सयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।विद्यार्थीलाईपठनपाठनसंगै अतिरिक्त कृयाकलापमा समावेस गरि उनीहरुको शारिरीक र मानसिक विकासमा समेत सहयोग पुग्ने विश्वासका साथ खेलकूदका सामाग्री वितरण गरिएको उहाँको भनाई थियो। पोखरा महानगरपालिका वडा नं. १७ का वडासदस्य शिवराम भण्डारीले सामुदायिक विद्यालयलाई विभिन्न संघसंस्था एवम शिक्षाक प्रेमी महानुभावबाट हुने सहयोगको पूर्णरुपमा उपयोग हुनु पर्ने आवश्यकता औल्याउनुभयो। प्रधानाध्यापक अर्जुन कडेलले विद्यालयमा हाल तीन सय पचास जना विद्यार्थी अध्ययनरत रहेको र आगामी दिनमा पोखरा महानगरपालिकाको सहयोगमा अटिजमश्रोतकेन्द्रसमेतसञ्चालन गर्ने तयारी भई रहेको जानकारी दिनुभयो। कार्यक्रममा दृष्याम मिडियाका सम्पादक विनोद लामिछानेको समेत आजैका दिन परेको जन्मदिनको अवसरमा विद्यालय परिवारबाट टिका र खाँदा लगाएर बधाई तथा शुभकामना प्रदान गरिएको थियो। सो अवसरमा प्रालिका सदस्य एवम् गण्डकी पदेश टेनिससंघका सदस्य प्रान्जल कायस्थले जानकी माविका दुईजना विद्यार्थीलाई निशुल्क टेनिस प्रशिक्षणमा सहभागिता गराउने विश्वास व्यक्त गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा व्यवस्थापन समितिका सदस्य एवम् सञ्चारकर्मी हरि बास्तोला, डिलमाया भण्डारी, शिक्षक तुलसी गिरी लगायतले सामुदायिक विद्यालयको अवस्था तथा चुनौतीका बारेमा चर्चा गर्नुभएको थियो। विभिन्न संघसंस्थाको बार्षिकोत्सव तथा व्यक्तिको जन्मदिनमा जानकी विद्यालयलाई अक्षयकोष स्थापना एवम् शैक्षिक र खेलकूद सामाग्री प्रदान गर्ने क्रम बढेको छ।

# 'आमा समूहसँग उपमेयर' कार्यक्रममार्फत महिलालाई सीपमूलक तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ जेठ

बेनी नगरपालिकाले सञ्चालन गरेको 'आमा समूहसँग उपमेयर' कार्यक्रममार्फत वडा नं १ रत्नेचौरका महिलाहरूलाई बाँसका सामग्री बनाउने तालिम प्रदान गरिएको छ।

महिलालाई आयआर्जनमूलक व्यवसायमा आबद्ध गराई आत्मनिर्भर, स्वरोजगार र लैङ्गिक हिंसा न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन भएको कार्यक्रममार्फत १६ जना महिलाहरूलाई बाँसबाट सजावटका सामग्री र मुडा बुन्ने १५ दिने तालिम दिइएको हो।

बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले रत्नेचौर र अर्जममा थप ७० जना महिलालाई व्यवसायिक च्याउखेतीसम्बन्धी तालिम दिने, बीउ र प्लास्टिक घर सहयोग गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो। तालिममा सहभागी यामु थापाले बाँस र चोयाबाट मुडाका साथै स्ट्रे, फूलदानी, प्रमाणपत्र राख्ने फ्रेम, चुरादानी, कलम र ब्रसदानी बनाउन सिकेको बताउनुभयो।

व्यावसायिक रूपमा सामान उत्पादन गरेर प्रशस्त मात्रामा पाइने बाँसको प्रयोग र सीपको सदुपयोग गर्ने योजना रहेको थापाले बताउनुभयो।

समुदायस्तरमा महिला सशक्तीकरण र सामाजिक कामको अगुवाइ गरिरहेका आमा समूहसँग समन्वय गरेर महिलालाई स्थानीय स्रोतसाधन र सम्भावना भएको उद्यम व्यवसाय गरी आयआर्जनका काममा संलग्न गराउन यस वर्ष बेनी नगरपालिकाले रत्नेचौर र वडा नं ५ पुलाचौरमा कार्यक्रम सञ्चालन गरेको छ। "महिला आर्थिक रूपमा सक्षम भए भने हिंसा न्यूनीकरण, रोजगारीको सिर्जना र आत्मनिर्भर भई समाजमा अगाडि आउन सक्ने वातावरण बनाउने प्रयास गरेका हौँ", उहाँले भन्नुभयो, "आर्थिक वर्ष २०७९/०८० देखि सुरू भएको चालु आर्थिक वर्षमा रू २० लाख बजेट विनियोजन भएको छ।" पुलाचौर आमा समूहमार्फत सेतोढुङ्गा, पुलाचौर, नयाँगाउँ र डडुवामा १२५ जनालाई च्याउखेती, १३२ जनालाई धुप बनाउने र १७ जनालाई सिलाइकटाइ तालिम प्रदान गरिएको छ।

च्याउखेती र धुप बनाउने समूहलाई दुई/दुई दिन तालिम, बीउ, एक/एक वटा टनेल सहयोग गरिएको छ। तीन महिने सिलाइकटाइ तालिममा सहभागीलाई उपकरण पनि सहयोग गरिएको छ।

# गाउँ-गाउँका किसानको पहुँचमा आधुनिक कृषियन्त्र

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ जेठ

एक दशक अगाडिसम्म परम्परागत खेती प्रणाली अपनाएका बागलुङका किसान पछिल्लो समय आधुनिक यन्त्रको प्रयोग गर्न थालेका छन्। उनीहरूले खेतबारी जोत्न, धान, गहुँ काट्न र चुट्न आधुनिक यन्त्रको प्रयोग गर्न थालेका हुन्। जिल्लाको ग्रामीण क्षेत्रसम्मै किसानले यान्त्रिक हलो, 'थ्रेसर मेसिन', चाप कटरलगायतका यन्त्रहरू प्रयोग गर्दै आएका छन्।

कामलाई छिटो हुने र शनक्ति कम लाग्ने हुँदा हिजोआज आधुनिक यन्त्रणको प्रयोग गर्न थालेको गलकाट नगरपालिका-८ का किसान बलिभद्र सापकोटाले बताउनुभयो। पहिले आठ/दश मुरी गहुँ काट्नका लागि १२ जना खेतलाले दिनभरि काम गर्नुपरेको स्मरण गर्दै उहाँले अहिले 'थ्रेसर मेसिन'ले एकैछिनमा काम गर्न सकिने अनुभव सुनाउनुभयो।

उहाँले भन्नुभयो, "गाउँमा पहिले हल गोरूले बारी जोत्ने, थुप्रै खेताला लगाएर धान, गहुँ काट्ने र भित्र्याउने गरिन्थ्यो, अहिले पहिलेको जस्तो खेतला पनि पाइँदैनन्, धेरैले मेसिन लिएर बारीमा काम गर्न थालेका छन्, मान्छेले दिनभरि गर्ने काम मेसिनले एकै घण्टामा गर्छ, धेरै झन्झटिलो पनि भएन, त्यही भएर अहिलेका मान्छेहरू ऋण गरेर भए पनि मेसिन किन्न थालेका छन्।" काठेखोलाका किसान कुलप्रसाद कँडेलले बाली लगाउन र भित्र्याउनका लागि मेसिनले ठूलो भूमिका खेलेको बताउनुभयो।

पछिल्लो समय युवा शक्ति विदेश पलायन भएपछि गाउँमा खेतलासमेत पाइन छोडेको उहाँको भनाइ छ। अब सरकारले हरेक किसानलाई आधुनिक प्रविधिसँग जोडेर उत्पादन बढाउनका लागि सहयोग गर्नुपर्ने कँडेल बताउनुहुन्छ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बर्सेनि यहाँका किसानलाई ' मिनिटेल हलो', चाप कटर, थ्रेसर मेसिनलगायतका यन्त्रहरू अनुदानमा दिँदै आएको बताउनुभयो। आधुनिक यन्त्रले किसानलाई उत्पादनमा ठूलो टेवा पुऱ्याएको उहाँको भनाइ छ।

"परम्परागत खेती प्रणाली विस्तारै कम हुँदै गएको छ, अहिले त गाउँ-गाउँमा आधुनिक हलो, थ्रेसरलगायतका थुप्रै औजारहरू भित्रिएका छन्, जसले किसानको कामलाई सहज बनाएको छ भने, उत्पादनमा पनि केही वृद्धि हुन थालेको हामीहरूले महसुस गरेका छौँ", अध्यक्ष थापाले भन्नुभयो, "गाउँपालिकाले किसानका आवश्यकताका आधारमा अनुदानमा उपकरण दिन्छौँ।"


# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

## दोश्रो पटक प्रकाशित मिति २०८२/०२/०४

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवम् मिति २०८१/०७/०५ गतेको समाधान राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०७७ तथा ऋण असुली नीति २०७७ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र आव्हान गर्दा कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुँदा तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही दोश्रो पटक यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, संचालक धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि यथाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं।

### तपसिल

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | १. **नाम**: सलिमा खातुन<br>**जन्म मिति**: २०३६/१२/३०, वर्ष: ४५<br>**ना.प्र.नं.** १५४४९९<br>**जारी मिति**: २०६१/११/२०<br>जि.प्र.का. कास्की<br>**पति**: सुकुरदिन मिया<br>**ससुरा**: मस्तदिन मिया<br>**ठेगाना**: साविक कास्की पोखरा १३<br>**हाल**: कास्की पोखरा-१३, बाँझापाटन |  | १. **नाम**: सुकुरदिन मिया<br>**ना.प्र.नं.**: २६४१/स्याङजा,<br>**जारी मिति**: २०४४/११/३०<br>जि.प्र.का. कास्की<br>**बाबु** : मस्तदिन मिया<br>**बाजे**: रहेमुतुल्ला मिया<br>**ठेगाना**: साविक पोखरा-१३, कास्की<br>**हाल**: कास्की पोखरा-१३, बाँझापाटन |

**धितो विवरण** : श्री सलिमा खातुनको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा, वडा नं १३, स्थित कित्ता नं ६३ को क्षेत्रफल २३४.८० वर्ग मिटर घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०३:३० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्ध गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसि सहमतिमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१४. ऋण रकम तथा ऋणसँग सम्बन्धित अन्य सम्पुर्ण विवरण आवश्यक परेमा संस्थाको ऋण शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।

**पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।**

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८२/०२/२५ गते सम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० देखि बेलुका ४:३० सम्म | मितिः २०८२/०२/२६ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः ०२:३० दिउँसो |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा वडा नं. १३, कुँडहर, १३ नं. वडा कार्यालय अगाडि
फोन नं.: ०६१-५८५७९५, ०६१-५८०५६७, ०६१-५७६९८८, Email : ccscltd@gmail.com